नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित
काठमाडौं मार्ग १० गते २०१४ साल

अर्थसचिवालयको सूचना

नेपाळ राष्ट्र बैंकमा देहायका मिति मितिमा देहायका जवानहरूले देहायबमोजिमको पोष्टमा कायम मुकायम गरेको सूचना प्रकाश गरिदिएको छ।

(१) ने. रा. बैंक काठमाडौं बैंकिंग अफिसका क्यासियर श्री बिळायतमानसिं बादशाहको इफिजी भएको भारतीय नोट रिजर्भ बैंक अफ इण्डियामा सटही गर्न जान ०१४।६।२५ गतेका दिनदेखि मूल ढुकुटीबाट गनी बुझी लिने कामतर्फ लाग्नुभएको र सो काम सकिनासाथ प्रोग्राम अनुसार कलकत्तातर्फ प्रस्थान गर्ने भएकोले निज सो कामबाट फर्की अफिसमा उपस्थित नभएसम्म निजको अनुपस्थितिमा श्री ध्रुबलाळ जोशीले काठमाडौं बैंकिंग अफिसका का॰ मु. क्यासियर भै काम गरेको छ।

(२) ने. रा. बैंकका गभर्नर श्री हिमाळयशमशेरले ०१४।७।४ गतेदेखि अफिसमा हाजिर भै कार्यभार सम्हाल्नुभएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) ने. रा. बैंक बैंकिंग अफिसका मेनेजर श्री वीरविक्रम शाह क. डु. चीफ एकाउण्टेण्ट भई काम गर्नुभएकोमा ०१४।७।४ गतेदेखि काठमाडौं बैंकिंग अफिसमा फर्कनुभई, कायभार सम्हाल्नुभएको छ।

सरकारको आज्ञाले-
नीरराज,
सेक्रेटरी-अर्थ सचिवालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२५